|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 11 | 0 | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १८ गते (1st Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd श्रम ईजाजत नं. ३८४/०५९/०६०
Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# भिजिट भिसाको ‘सेटिङ’ तोडौं

**भिजिट भिसामा धमाधम श्रमशक्ति बाहिरिएर विकराल समस्या भोग्दा पनि सरकार चेतेको देखिएन । भिजिट भिसामा ‘सेटिङ’ गर्दै कामदार बन्न गएका कारण नेपाली विचल्लीमा परेको खबर दिनानुदिन बढ्दो छ । विभिन्न विचौलिया, म्यानपावर, कन्सलटेन्सी तथा विमानस्थलका अधिकारीको सेटिङमा सीधै भिजिट भिसामा श्रममा जानु नौलो कुरा रहेन । तर, काम गर्ने ठाउँमा पुगेपछि त्यहाँ खर्चका लागि लगेको हजार अमेरिकी डलर र पासपोर्ट उक्त देशमा रहेको दलालले कब्जामा लिने गर्छ ।**

**त्यसपछि ती व्यक्तिलाई आफूले चाहेको ठाउँमा काम लगाउन दलाल सफल हुन्छन् । असुरक्षा, तनाव र चेतावनीका कारण ऊ काम गर्न बाध्य हुन्छ । सामान्यतः खाडी मुलुकमा भिजिट भिसामा जानेले तीन महिनादेखि छ महिनासम्मको भिसा पाउँछन् । ती देशमा पुगेर परिबन्दमा पारिएका श्रमिकले भिसाको म्याद गुजारिसक्दा पनि तलब नपाउने, धम्की दिनेजस्ता विषय झेलिरहेका हुन्छन् । यही मेसोमा भिसा सकिएपछि गैरकानुनी बन्दा ऊ थप कानुनी झन्झटमा पर्छन् ।**

**यस्तो समस्याले आजित भएपछि भिजिट भिसामा जान कडाइ गर्नुपर्ने सुझाव सरोकारवालाले दिएका थिए । तर सरकारले भने यो भिसामा जान अझै सहज बनाएको देखिएको छ । पहिले प्रायः खाडी देशमा भिजिट भिसामा जान हजार डलर लैजानुपर्ने व्यवस्था थियो । अहिले सरकारले जारी गरेको ट्राभल एड्भाइस (यात्रा परामर्श)मा उक्त रकम घटाएर ५०० डलर बनाइएको छ । यो व्यवस्थाले भिजिट भिसामा वैदेशिक रोजगारीका लागि छिर्न झनै सहज हुने त हैन ? पहिलेको १७ बुँदे निर्देशिकालाई खारेज गर्दै सरकारले छ बुँदे निर्देशिका जारी गरेको हो । यसैगरी सरकारले होटल बुकिङ गरेको प्रमाण नभए पनि भिजिट भिसामा जान सकिने गरी व्यवस्था खुकुलो बनाएको छ । यसका लागि भने व्यक्ति पुग्ने मुलुकको आफन्तको तीन पुस्ता खुल्ने कागजात बुझाउनुपर्ने प्रावधान राखेको छ । सरकारले यसमा आफन्तको तीन पुस्ता खुल्ने कागजात माग्नुको कारण भोलि केही भएमा ती आफन्तलाई कारबाहीको दायरामा ल्याउन सकिने योजनासहित यो प्रावधान राखेको देखिन्छ ।**

**तर खाडी मुलुकको जुनसुकै सहरमा जाँदा होटल बुकिङ सहज पाउन सकिन्छ । उक्त सहरमा पुगेपछि बुक गरेकै होटलमा बस्नुपर्छ भन्ने हुँदैन । प्रिपेड (पहिल्यै भुक्तानी) गर्नु नपर्ने भएकाले विमानस्थलबाटै आफन्तसँग वा कुनै दलालले भिजिट भिसामा जाने व्यक्तिलाई रिसिभ गर्न सक्छन् । त्यसैले यो विषयमा सरकारले कडा नियम वा नरम नियमभन्दा पनि वैदेशिक रोजगारीमा जानलाई सहज वातावरण बनाइदिनु नै उत्तम हुन्छ । यद्यपि, रोजगारीको उद्देश्य लिई सेटिङमार्फत भिजिट भिसामा पठाउने कार्यलाई पूर्ण नियन्त्रण गर्न  जरुरी छ ।**

## मनन्योग्य

### विदुर नीति

विदुरको जीवन चरित्र

पहिलो छोरा अन्धो र दोस्रो छोरा पाण्डु वर्णको पैदा हुनेछ भनी आमालाई बताइदिए । यसरी पैदा भएका दुई पुत्र नै धृतराष्ट र पाण्डु थिए अन्धो र पाण्डु वर्ण भएका छोरा हुने हुँदा सत्य उनले अम्बिकालाई सर्वगुण सम्पन्न भएको अर्को छोरा जन्माइदिन आग्रह गरिन् र व्यासलाई पनि पुनः राजी गराइन् । अम्बिकाले सासूलाई सामुन्नेमा हुन्छ त भनिन् तर पुनः निर्वस्त्र भई व्यासको अगाडि जाने साहस गरिनन् । उनले आफ्नी परम सुन्दरी वनिता भन्ने दासीलाई पनि व्यासजीको सामुन्ने पठाइदिइन् । वतीलाई सन्तोष भएन । वेदव्यास जस्ता ऋषिबाट सन्तान जन्माउन दासी वनिता पनि सहर्ष खुसी भइन् । वनिता पनि संकोच त्यागेर निर्वस्त्र व्यासजीका सामुन्नेमा पुगिन् उनलाई गर्भ रह्यो । व्यासजीले पनि त्यसै दिनदेखि वनिताको दासीभाव छुटाइदिदै भने “तिम्रो गर्भ (कोख) बाट एउटा अत्यन्तै धार्मिक पुत्र पैदा हुनेछ ।” हस्तिनापुरलाई राज्य उत्तराधिकारीको अभाव हुन गयो । भीष्म, कुलगुरु आचार्य विभूति र उनका पिता आचार्य ब्राह्मिष्ठ, आचार्य देवपाल, भीष्मका काका सुकेतु कूटनीतिज्ञ कणिक, वेदव्यास र राजमाता सत्यवतीसमेत भई सल्लाह गरे । राजमाता सत्यवतीबाट नै जन्मिएका वेदव्यासलाई विधवा बुहारी अम्बिकालाई गर्भाधान गराउने र उनबाट पैदा भएको पुत्र हस्तिनापुरको राजगद्दीमा बसाउने निधो भएबमोजिम सत्यवतीले वेदव्यासलाई आग्रह गर्दै भनिन्छ- हेर छोरा ! तिमीजस्तो तपस्वी माहात्मा हुँदा हुदै हाम्रो कुरुवंश डुब्न लागेको छ, भीष्म आजीवन ब्रह्मचारी छन् विचित्रवीर्य मरिसक्यो अब हाम्रो वंश कसले चलाउने ? तिमीले नै आफ्नो तपस्याको प्रभावले हाम्रो वंशको सञ्चालन गरिदेऊ ।’ व्यासजीले आफ्नो आमाको आग्रहलाई लत्याउन सकेनन् उनले आमालाई भने “अम्बिका वा आम्बालिका यदि मेरो अगाडि निर्वस्व आए भने दृष्टि शक्ति पाएर उनीहरूले सन्तान जन्माउन सक्नेछन् ।”

सत्यवतीले दुवै बुहारीलाई पालैपालो गरेर व्यासको अगाडि पठाइदिइन् । दुवै युवती ज्यादै लाज मानेर व्यासको सामुन्नेमा पुगे जेठी अम्बिकाले जेठाजु व्यासको सामना गर्न नसकेर लाजले आँखा चिम्लिइन् । कान्छी आम्बालिका भने डराएर पहेंली भइन् । व्यासजीले दुवैलाई गर्भवती बनाएपछि

क्रमशः

# बन्दै छ मधुमेह ‘साइलेन्ट किलर’



डा. ज्योति भट्टराई

> पहिले-पहिले मधुमेह ४० वर्ष कटेपछि हुन्थ्यो भन्ने भनाइ थियो । बढ्दो आधुनिकीकरण, खानेकुरामा विषादीको अत्यधिक प्रयोग, अनियन्त्रित जीवनशैलीका कारणले पनि होला मधुमेहको समस्या विकराल बन्दै छ । बूढेसकालमा लाग्ने रोग भनिने यो रोग अहिले ३०-३५ वर्षभित्रै मधुमेह देखिन थालेको छ । अस्वस्थकर जीवनशैली, पत्रुखाना, अत्यधिक तनाव आदिले गर्दा अहिले त युवावस्थामै मधुमेह हुन्छ ।

मधुमेह (चिनीरोग) लाई अंग्रेजीमा ‘डायबिटिज’ भनिन्छ । रगतमा लामो समयसम्म चिनीको मात्रा बढी हुने रोगलाई सामूहिक रूपमा डाक्टरी भाषामा ‘डायबिटिज मिलाइटस’ वा ‘डायबिडिज मलाइटस’ भन्ने गरिन्छ । रगतमा हुने ‘इन्सुलिन’ नामक हर्मोनले रगतमा भएको चिनी अर्थात् ग्लुकोजलाई शरीरका कोषमा प्रतिक्रिया गराएर त्यहाँबाट शक्ति उत्पादन गर्न मद्दत गर्दछ । फलस्वरूप रगतमा चिनीको मात्रा निश्चित स्तरभन्दा माथि जान सक्दैन । शरीरभित्र इन्सुलिन बनाउने काम प्यानक्रियाज ग्रन्थीको हो । प्याक्रियाजले आवश्यक मात्रामा इन्सुलिन बनाउन सकेन भने वा भएको इन्सुलिनसँग कोषले प्रतिक्रिया जनाउन सकेन भने रगतमा चिनीको मात्रा बढ्न जान्छ । लामो समयसम्म रगतमा चिनीको मात्रा बढिरहचो भने मुटु, मिर्गौला, आँखा, खुट्टालगायत विभिन्न अंगमा हानि पुग्दछ ।

केही वर्षयता विश्वव्यापी रूपमा मधुमेहका रोगी संख्या दिन प्रतिदिन बढ्दो छ । सन् १९८० पछिको तथ्यांकलाई हेर्ने हो भने १८ वर्षमाथिका चार प्रतिशतमा मधुमेह देखिएको थियो । यो समस्या अहिले साढे आठ प्रतिशतभन्दा बढी मानिसमा देखिएको छ । सन् २०१५ मा १६ लाख मानिसको यो रोगले मृत्यु भएको मानिन्छ । विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) ले विश्वमा झन्डै ४२ करोड मानिसलाई मधुमेह रोग रहेको अनुमान गरेको छ । विश्वमा करिब २२ करोड मानिस मधुमेह रोगबाट प्रभावित रहेको र आगामी सन् २०३० सम्ममा यो संख्या दोब्बर हुने डब्ल्युएचओले जनाएको छ । विश्वमा रोगबाट मर्नेहरूमध्ये पाँच प्रतिशत मधुमेहका रोगी छन् । यदि तत्काल कुनै प्रभावकारी कदम नचालिएमा आउँदो १० वर्षमा मधुमेहबाट ज्यान गुमाउनेको संख्या ५० प्रतिशतले बढ्ने छ । सन् २०३० सम्ममा १७ वर्षमुनिका मानिसको मृत्युदरमा मधुमेहको हिस्सा ५० प्रतिशत पुग्ने अनुमान गरिएको छ ।

नेपालमा पनि प्रत्येक घरमा मधुमेहका रोगी बढिरहेका छन् । कति रोगी छन् भन्ने तथ्यांक नभए पनि झन्डै आठ प्रतिशत मानिसलाई मधुमेह हुनसक्ने अनुमान गरिएको छ । डब्ल्युएचओले नेपालमा पनि ४० वर्षसम्म उमेर समूहका करिब १५ प्रतिशत मधुमेहबाट ग्रसित रहेको र सो उमेर समूहभन्दा माथिका करिब १९ प्रतिशतलाई मधुमेह लागेको तथ्यांक स्वास्थ्य विभागले दिएको छ । ग्रामीण क्षेत्रमा भन्दा पनि सहरी क्षेत्रमा मधुमेह प्रमुख स्वास्थ्य समस्याका रूपमा रहेको छ ।

पहिले-पहिले मधुमेह ४० वर्ष कटेपछि हुन्थ्यो भन्ने भनाइ थियो । बढ्दो आधुनिकीकरण, खानेकुरामा विषादीको अत्यधिक प्रयोग, अनियन्त्रित जीवनशैलीका कारणले पनि होला मधुमेहको समस्या विकराल बन्दै छ । बूढेसकालमा लाग्ने रोग भनिने यो रोग अहिले ३०-३५ वर्षभित्रै मधुमेह देखिन थालेको छ । अस्वस्थकर जीवनशैली, पत्रुखाना, अत्यधिक तनाव आदिले गर्दा अहिले त युवावस्थामै मधुमेह हुन्छ । मधुमेहका धेरै हुन्छन् । मधुमेहलाई मुख्य दुई प्रकारमा हेर्न सकिन्छ । पहिलो प्रकारमा शरीरमा इन्सुलिन भन्ने तत्त्व हुन्छ, जसले जीवकोषमा चिनीलाई नियन्त्रण गर्दछ । दोस्रो प्रकारको मधुमेह प्रायः ४०-५० वर्ष उमेर कटेपछि अस्वस्थकर जीवनशैली, मोटोपनको कारणले धेरैमा हुन्छ । यसमा शरीरमा रहेको इन्सुलिनले राम्रोसँग काम गर्दैन । विदेशमा ४० को उमेर भएपछि देखिने यो समस्या नेपालमा अहिले सानै उमेरमा देखिन थालेको छ । यो प्रकारको मधुमेह धेरै कम व्यक्तिलाई हुन्छ यो प्रकारको मधुमेह धेरैलाई हुन्छ ।

खानपान, जीवनशैली र भौगोलिकतासँगै वंशाणुगत मधुमेह रोग लाग्छ । वातावरणीय कारण खानपान, तनावमात्र होइन, प्रदूषण, खाद्यान्न उत्पादनमा रासायनिक मलको प्रयोग पनि मधुमेहसँग जोडिएको पाइएको छ । मोटोपन भएका मानिसमात्र होइन, स्वस्थकर खाना नभएर, कुपोषण भएकालाई पनि मधुमेह हुनसक्छ । आमालाई कुपोषण हुँदा पनि उनीबाट जन्मिएको बच्चालाई पछि मधुमेह हुनसक्छ । गर्भावस्थामा पनि विविध कारणले मधुमेह हुन्छ । कतिपय मानिसमा वंशाणुगत कारण पनि मधुमेह हुने गर्दछ । मधुमेह भएको बिरामीमा पटक-पटक पिसाब लाग्ने, दुब्लाउँदै जाने, थकान महसुस गर्ने, संक्रमणहरू निको नहुने, पानी प्यास लाग्ने हुन्छ । झन्डै ५० प्रतिशत व्यक्तिमा त यसको लक्षण नै देखिँदैन । लक्षण देखिएन भन्दैमा मधुमेह भएको छैन भनेर ढुक्क हुन सकिँदैन । त्यस्ता व्यक्तिहरूमा पनि केही लक्षणहरू जस्तैः बढी प्यास लाग्नु, दुब्लाउँदै जानु, घाउ संक्रमण आदि छिटो निको नहुनु, थकान महसुस हुनु, पिसाब बढी लाग्नु, भोक लाग्नु, मुख सुख्खा हुनेजस्ता लक्षणहरू देखिन्छ ।

## मधुमेहको जोखिम

मधुमेह हुँदैमा डराइहाल्नु पर्दैन । सावधानी अपनाउने हो भने यसबाट आउन सक्ने विभिन्न जटिलताबाट हामी जोगिन सक्छौं । यो दीर्घकालीन रोग भएकाले एकपटक लागिसकेपछि यसलाई राम्रोसँग नियन्त्रणमा राखेर व्यवस्थापन गर्नुको विकल्प नै छैन । जीवनशैलीमा सुधार ल्याएर, व्यायाम गरेर, स्वस्थ भोजन गरेर पेटको गोलाइ बढ्न दिइएन भने मधुमेहको समस्याबाट टाढा रहन सकिन्छ । धेरै मानिसहरू मधुमेह भएको पत्ता लाग्नासाथ डाक्टरको सल्लाह लिनुभन्दा आत्तिने वा अनेक घरेलु औषधितिर लाग्ने गरेको देखिन्छ । यसले रोग निको हुनुभन्दा झन् जटिल बनाउने हुन्छ । बिरामीलाई पहिलो प्रकारको मधुमेह भएको छ भने इन्सुलिनको सुई दिनुपर्ने हुन्छ भने दोस्रो प्रकारको मधुमेहमा चिकित्सकले बिरामीलाई खानपानमा अपनाउनुपर्ने सावधानीका बारेमा बताउँछन् र सँगसँगै रगतमा भएको चिनीको मात्रा नियन्त्रण गर्नका लागि खाने गोली पनि दिन सक्छन् ।

## सावधानीका उपाय

मधुमेहको लक्षण देखिएमा वा नदेखिएमा पनि जाँच गरेर प्रेसर, सुगर र कोल्डस्टोर सुरक्षित घेराभित्र राख्नुपर्छ । यो भनेको नराम्रो र महँगो पर्ने रोगबाट जोगिने उपाय हो । गुलिया खानेकुरा शरीरका लागि हानिकारक हुन्छन् । बढी चिनी हाम्रो शरीरले पचाउन सकेन भने त्यो फ्याटमा परिवर्तन हुन्छ । पछि गएर त्यसले चिनीरोगमात्रै होइन, मुटुरोगको जोखिमलाई पनि बढाउँछ । गुलिया मिठाई मात्रै नभएर कोक, फ्यान्टा, जुसले पनि मधुमेह हुन सक्छ । बजारिया पेयपदार्थमा पनि फ्रुक्टोसिरफ भन्ने हालेको हुन्छ, यसलाई मेडिकल साइन्सले विषै मान्छ । विश्वका एक लाख व्यक्तिमा अनुसन्धान गर्दा विभिन्न प्रकारका पत्रु खाना, रेसा नभएका खाना, बिस्कुट आदिको प्रयोग गर्ने मानिसमा दोस्रो प्रकारको मधुमेह बढी भएको देखिएको थियो ।

मधुमेहमात्रै होइन, जुनसुकै रोगबाट बच्न मदिरा र सुर्तीजन्य पदार्थ सेवन गर्नु हुँदैन । स्वस्थ जीवनका लागि व्यायाम अनिवार्य छ । हाम्रा शरीरका सबै अंगलाई राम्ररी चलाउनुपर्छ । दिनमा एक घन्टा वा कम्तीमा आधा घन्टा हिँड्नैपर्छ । मधुमेहबाट बच्ने अर्को सावधानीको उपाय भनेको तनावलाई कम गर्ने हो । तनावबाट पूर्णरूपमा मुक्त हुन सकिँदैन तर, कम गर्न सकिन्छ । खुसी रहन, हाँस्न प्रयत्न गर्नुपर्दछ । दुःखी रह्यो भने सुगर व्यवस्थापन गर्न गाह्रो हुन्छ । तनावमा भएका बेला सुगरको मात्रा ह्वात्तै बढ्छ । तनावमा कर्टिसोल नामक हर्मोन निस्कन्छ र यसले सुगर निकाल्छ । त्यसैले सकेसम्म हामीले तनावलाई घटाउनुपर्छ ।

अचेल मधुमेह नाप्ने यन्त्र ग्लुकोमिटर पनि सस्तैमा पाइन्छ । बेला-बेला सुगर चेकजाँच गरिरहनुपर्छ । त्यस्तै, कोलेस्टोर, उच्च रक्तचापको परीक्षण गरिरहनुपर्छ । त्यस्तै, नियमित औषधि सेवन गर्नुपर्छ । पछि गएर अन्धोपन नहोस्, मुटुरोग, यौन दुर्वलता आदि नहोस् भनेर औषधि दिइएको हुन्छ । औषधिले खासगरी सुगर घटाउन र कोलेस्टोर, उच्च रक्तचाप सन्तुलित राख्न मद्दत गर्दछ । सुगर घटाउने, प्रेसर घटाउने र मुटुरोगबाट जोगाउने अत्यावश्यक औषधि भनेर सरकारले निःशुल्क वितरण गर्ने लिस्टमा राखेको छ । औषधिमा पहुँच भएपछि यो हानिकारक होइन भनेर आमसर्वसाधारणले बुझिदिनुपर्छ । मधुमेहलाई सुरुदेखि नै लापरबाही गरियो र उपचार गराइएन भने मुटु, मिर्गौला, आँखा, नसाजस्ता महत्त्वपूर्ण अंगमा असर गर्नाका साथै मानिसलाई मृत्युको मुखमा पुर्‍याउँछ ।

## के खाने के नखाने ?

मधुमेहका बिरामीले खानपिनमा निकै ध्यान दिनुपर्छ । खानपानको व्यवस्थापन अर्थात् सन्तुलित भोजन गर्न सक्यौं भने मधुमेहबाट जोगिन सक्छौं । जस्तो, ब्राउन राइस, मकै, गहुँ, जौ, कोदो खान सकिन्छ तर सागसब्जी बढी र अन्न कम अर्थात् दुई मुठीमा अटाए जति खाने । माछामासु हत्केलामा अटाए जति दुई-तीन पिस खान सकिन्छ । तर कुखुरालगायत दुईखुट्टे पन्छीको सेतो मासु खानुपर्छ । यस्तो मासु पनि बोसोरहित हुनुपर्छ । रातो मासु अर्थात् चारखुट्टेको मासु खानु स्वास्थ्यका लागि हानिकारक हुन्छ ।

मधुमेहका बिरामीले एकैचोटि धेरै नखाने थोरथोरै तर समय-समयमा खाने गर्नुपर्छ । तेलको मात्रा निकै कम गर्नुपर्छ । दाल, तरकारीमा बूढी औंलाको टुप्पामा अट्ने जतिमात्र तेल प्रयोग गर्ने गरेमा त्यसले हानि गर्दैन । दूध-दही, फलफूलको पनि मात्रा मिलाएर खाइरहनुपर्छ । यो नै सन्तुलित भोजन हो, यसले अन्य रोगबाट पनि बच्न मद्दत गर्छ । सकभर तारेको खानेकुरा नखानु नै राम्रो हुन्छ । त्यस्तै, मिठाईलगायत गुलियो खानेकुरा, कोक-फ्यान्टालगायत पेयपदार्थ पनि खानु हुँदैन । यति कुरामा ध्यान दिन सकेमा मधुमेहको समस्या कम भएर जाने छ । यी कुरामा आमसर्वसाधारणले ध्यान दिन आवश्यक छ । सानो लापरवाहीले जीवनभर औषधि खानुपर्ने वा सुई लगाउनुपर्ने समस्याबाट मुक्त हुन सकिन्छ ।

*(मधुमेह तथा हर्मोन रोग विशेषज्ञ एवं मेट्रो काठमाडौं हस्पिटलकी प्रबन्ध निर्देशक डा. भट्टराईसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गरेको कुराकानीमा आधारित)*

## पत्र-मञ्जुषा

# सवारी पार्किङ माग्दै महानगरको होइन, घरधनीको विरोधमा उत्रिऔं

फुटपाथ पैदलयात्री हिँड्नका लागि हो । यता, सडक सवारीसाधन गुड्नका लागि बनाएको हो । फुटपाथ होस् या सडक, दुवै राज्यकै लगानीमा बनेको छ । फुटपाथ पसल थाप्ने र पार्किङ गर्ने ठाउँ अवश्य पनि होइन । तर, घरधनीहरूले कोठावालसँग भाडा उठाउँछन्, पार्किङ दिँदैनन् ।

कोठावालहरूले आफ्नो सवारीसाधन फुटपाथमा पार्क गर्छन् । एउटै कोठाको मासिक आठदेखि १० हजार रूपैयाँसम्म उठाउने घरधनीले कोठावाललाई पार्किङको सुविधा पनि दिँदैनन् । भाडा आफू उठाउँछन्, गाडीचाहिँ सडकमा लगेर पार्क गर्न लगाउँछन् । उता, सटर लिनेहरूको अवस्था पनि त्यस्तै छ ।

अधिकांश घरमा अण्डरग्राउण्ड पार्किङ छैन । भएकामा पनि घरधनीले पैसा लिएर पसल सञ्चालन गर्न दिएका छन् । पसलमा सामान किन्न आउनेहरूले फुटपाथमै सवारी रोकेर राखिदिन्छन् । घरधनीहरू भने भाडा असुल्नतर्फ मात्र केन्द्रित छन् । रोचक प्रसंग त के भने, घरधनीहरूले फुटपाथसमेत भाडामा लगाएका छन् ।

आफ्नो घरअगाडि फुटपाथमा पसल थाप्नेहरूबाट घरधनीहरूले मासिक भाडा असुल्ने गरेका छन् । फुटपाथमा पसल राखिदिँदा र सवारी पार्क गरिदिँदा पैदलयात्री बीच सडकबाट हिँड्न बाध्य छन् । जसका कारण दुर्घटना बढेको छ भने कसैको फाइदाका निम्ति निर्दोष व्यक्तिले ज्यान गुमाउनुपरेको छ ।

फुटपाथ पसल र सवारी पार्किङले ट्राफिक व्यवस्थापन अस्तव्यस्त बनाएको छ । फुटपाथ पसलेहरू एकदमै गैरजिम्मेवार छन् । पसलचाहिँ राख्ने, आफू कमाउने अनि सडक फोहोर पारेर हिँडिदिने । अस्तव्यस्त फुटपाथ पसलका कारण सहरको सुन्दरतामा ह्रास आएको छ । फुटपाथबाट हिँड्नेलाई उत्तिकै सास्ती छ ।

घरधनीहरूले बाटो मिचेर घर बनाएका छन् । थोरै जग्गामा अग्लाअग्ला भवन ठड्याएका छन् । ती घर सबै भाडामा लगाइएको छ । घरधनीहरू लाज पचाएरै कोठावालहरूबाट पैसा उठाइरहेका छन् । भाडा लिन सक्नेले घर बनाउँदाखेरि अण्डरग्राउण्ड पार्किङ बनाउनु पर्दैन ? आफूचाहिँ मासिक लाखौं रूपैयाँ उठाउने अनि कोठा बस्नेलाई सडकमा लगेर गाडी पार्क गर भन्ने ?

भक्तपुर र ललितपुरमा हिँड्न सक्ने अवस्था छैन । फुटपाथ पसल र पार्किङका कारण यी जिल्ला फोहोर र कुरूप देखिन थालेको छ । भक्तपुरमा त पैदलयात्रीहरू ज्यान जोखिममै राखेर सडकको बीचबाट हिँड्छन् । काठमाडौं महानगरपालिकाले त फुटपाथ पसल र पार्किङ हटाउन थालेको छ, जुन राम्रो कुरा हो ।

‘कसैको व्यापारका लागि कोही बली चढ्ने’ अवस्थाको अन्त्य हुन्छ । भक्तपुरमा चारवटा नगरपालिका छन् । सबै उस्तै छन्, भाषण गर्ने काम नगर्ने । नगरप्रहरी पनि मेयरजस्तै छन् । दिनभरि गफिने, ३ बज्नेबित्तिकै कुलेलाम ठोक्ने । ललितपुर महानगरपालिका पनि पछिल्लो समय सुस्ताएको छ ।

भक्तपुर र ललितपुरका मेयर सुस्ताउँदा काठमाडौंका मेयर बालेन्द्र साह आफ्नो काम गरिरहेका छन् । महानगरका प्रहरी सहर सुन्दर बनाउन जोडतोडका साथ लागिपरेका छन् । फुटपाथमा पसल राखेर खान पल्केका र सवारी पार्क गरेर पैसा उठाउन नपाएकाहरूले मात्रै नगरप्रहरीको विरोध गरेका छन् ।

पैदलयात्रीहरू महानगरको यो कामप्रति खुसी छन् । यहाँका व्यापारीलाई विरोध गर्नु छ भने घरधनीको गर, महानगरको होइन । व्यापारीहरूले त घरधनीलाई भाडा बुझाएका छन् । महँगो भाडा लिएर सेवासुविधा नदिने त घरधनी हुन्, महानगर होइन । महानगरले काठमाडौंलाई सफासुन्दर र व्यवस्थित सहर बनाउन खोजेको छ । यो सबैका लागि राम्रो कुरा हो ।

घरधनीहरूले कि पार्किङको व्यवस्था गर, नत्र भाडामा लगाएर भाडा पनि नलेऊ ।  सरकारको सम्पत्ति कब्जा गर्ने अधिकार कसैलाई छैन । फुटपाथ पैदलयात्री हिँड्न बनाएको हो भन्ने कुरा घरधनीले बुझ्नुपर्छ ।

काठमाडौं देशको राजधानी । अन्य मुलुकको राजधानी सबैले देखेकै छौं । तर, काठमाडौं कतैबाट राजधानीजस्तो देखिँदैन । महानगरले आफ्नो कामको थालनी गरेको छ, जुन नरोकियोस् । सीमित व्यक्तिको फाइदाका लागि सारालाई दुःख दिने काम बन्द होस् ।

**–अनुसा थापा, भक्तपुर**

## जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# उच्च शिक्षा अध्ययन गर्न पालिकाको कर्जा

**डडेल्धुरा–** डडेल्धुराको परशुराम नगरपालिकाले उच्च शिक्षा अध्ययन गर्नका लागि विद्यार्थीलाई कर्जा दिने भएको छ । नगरपालिकाले एसइई वा सोभन्दा माथिको शैक्षिक तह अध्ययन गर्न चाहनेलाई विनाब्याजमा कर्जा दिने निर्णय गरेको हो ।

नगरपालिकाको १४औं नगरसभाबाट प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनका लागि शैक्षिक प्रमाणपत्र धितो राखी विनाब्याजमा पाँच लाख रूपैयाँसम्म कर्जा दिन निर्णय भएको नगरप्रमुख जोशीले जानकारी दिए । उनका अनुसार यसै शैक्षिक सत्रबाट लागू हुनेगरी सो कर्जा उपलब्ध गराउने कार्य अघि बढाइएको छ ।

आर्थिक अभावमा उच्च शिक्षा अध्ययन गर्न कठिनाइ भोगिरहेका विद्यार्थीलाई नगरपालिकाले विनाब्याज शैक्षिक प्रमाणपत्र धितो राखेर उच्च शिक्षा अध्ययनका लागि ऋण दिने व्यवस्था गरेको प्रमुख जोशीको भनाइ थियो । यो निर्णयले भित्री मधेसका विद्यार्थी हर्षित बनेका छन् ।

१४औं नगरसभाबाट शैक्षिक कर्जासम्बन्धीको ऐन पारित गरी उक्त निर्णय कार्यान्वयन गर्न लागिएको नगरप्रमुख जोशीले जानकारी दिए । उच्च शिक्षा अध्ययन गर्नका लागि प्रदान गरिने कर्जा लिनका लागि विद्यार्थीले अध्ययन गर्ने शैक्षिक संस्था नेपाल सरकारको स्वीकृति प्राप्त वा सरकारबाट मान्यता प्राप्त हुनुपर्ने प्रावधान रहेको परशुराम नगरपालिकाले जनाएको छ ।

लक्षित समुदायका बालबालिकासहित लोपोन्मुख परिवार, विपन्न वर्ग र महिलाको शिक्षामा पहुँच बढाउन सहुलियतता प्रदान दिनेगरी नगरपालिकाले शिक्षामा लगानी गर्न लागेको जोशीको भनाइ थियो । उक्त कर्जा लिनका लागि विद्यार्थीले वडा कार्यालयमा निवेदन पेस गरी सिफारिस लिनुपर्ने छ ।

उक्त ऋण एक परिवारको एकजनाले मात्रै पाउने छन् । उक्त कर्जा रकम शैक्षिक कोर्षको अन्तिम परीक्षा दिएको एक वर्षभित्र २५ प्रतिशत र दुई वर्षभित्र ५० प्रतिशत, तीन वर्षभित्र ७५ प्रतिशत र चार वर्षभित्र सबै फिर्ता गर्नुपर्ने प्रावधान राखिएको छ । कर्जासम्बन्धी पारित भएको ऐन राजपत्रका प्रकाशित भएपछि चालु आर्थिक वर्षदेखि लागू गरिने नगरपालिका कार्यालयले जनाएको छ । *रासस*

# हुम्लाको तापक्रम माइनस १०

**सिमकोट (प्रस)–** हिमाली जिल्ला हुम्लामा बुधबार यस वर्षकै बढी चिसो महसुस गरिएको छ । हिउँदयाममा हिमपात नभए पनि यस वर्ष अत्यधिक चिसो महसुस गरिएको स्थानीय बताउँछन् ।

जिल्लाको मौसममा बदलीसँगै बिहानबाट बाक्लो बादल लाग्दा चिसो बढेको हो । मंगलबार साँझदेखि आकाशमा बादलले छोपेसँगै बुधबार बिहानदेखि चिसो अत्यधिक बढेको थियो ।

जिल्लामा मौसममा परिवर्तन भइरहेकाले स्थानीयको दैनिकी कष्टकर हुनुका साथै हवाई यातायात पनि प्रभावित भएको सिमकोट विमानस्थलका प्रमुख महेन्द्र सिंहले बताए । उनका अनुसार विमानस्थलमा रहेको मौसम मापन गर्ने उपकरणमा आजको तापक्रम माइनस १० डिग्री सेल्सियस देखिएको छ । 'आज (बुधबार) हुम्लाको तापक्रम माइन १० डिग्री सेल्सियसमा रहेको छ, भने उत्तरी नाम्खामा तापक्रम झन् घटेको छ,' प्रमुख सिंहले बुधबार भने ।

जिल्लाको तापक्रम माइनसमा झरेसँगै चिसो बढेपछि चिसोबाट बच्न सतर्कता अपनाउन स्वास्थ्य सेवा कार्यालय हुम्लाका प्रमुख प्रेम सिंहले सबैमा अनुरोध गरेका छन् । उनले चिसोले वृद्धवृद्धा र बालबालिकालाई बढी असर गर्ने भएकाले बाक्लो कपडा लगाएर न्यानो भएर बस्न आग्रह गरे ।

चिसो ह्वात्तै बढेपछि स्थानीयवासी तथा कर्मचारीले दैनिक उपयोगका लागि दाउरा संकलन गर्न थालेका छन् । जाडो मौसममा एक भारी दाउराको मूल्य एक हजार रूपैयाँसम्म पर्ने गरेको छ ।

बुधबार चिसो बढी भएपछि सदरमुकाम सिमकोटमा रहेका सरकारी तथा गैरसरकारी कार्यालयमा कर्मचारीलाई काम गर्न समस्या भएको थियो । चिसोमा सेवाग्रही कम आउने भएकाले सेवा लिन आएका सेवाग्राहीलाई विद्युत्को प्रयोग गरी हिटर तापेर सेवा दिइएको शिखर इन्स्योरेन्स प्रालि हुम्ला शाखाका उपेश भण्डारीले बताए ।

चिसोले सेवा प्रवाहमा समस्या बनाएको सिमकोट गाउँपालिका-२ ठेहेका वडाध्यक्ष देवजङ बोहराले बताए । यसअघि दिउँसो घाम लागेर चिसो कम मानिए पनि बुधबार बिहानैदेखि घाम नलाग्दा अत्यधिक चिसो भएको उनको भनाइ थियो । बादल लागेसँगै अन्तरजिल्ला जोड्ने एकमात्र हवाई यातायातलेसमेत नेपालगञ्ज, सुर्खेतबाट उडान भर्न नसकेको विमानस्थल प्रमुख सिंहले जानकारी दिए ।

## कुमारी बैंक लिमिटेड शाखा कार्यालय ट्राफिक चोक, बुटवलको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना

(प्रकाशित मिति २०८०/१०/११ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय ट्राफिक चोक, बुटवलबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औ दिन अर्थात मिति २०८०माघ १८ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय ट्राफिक चोक, बुटवलमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**ऋणीहरुको विवरणः**

**क.** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७२/०९/०७ मा दर्ता नं. १४२८८९/०७२/०७३, कायम भई आन्तरिक राजश्व कार्यालय कृष्णनगर, कपिलवस्तुबाट मिति २०७२/०९/२१ मा स्थायी लेखा नं. ६०३५६९०१० दर्ता कायम भई कपिलवस्तु जिल्ला, बाणगंगा न.पा. वडा नं.९ स्थित रजिष्टर्ड कार्यालय रहेको **न्यू सगरमाथा खाद्य उद्योग प्रा.लि.** (सञ्चालक गोविन्द पौडेलको नाति, डिलाराम पौडेलको छोरा, अर्घाखाँची जिल्ला, धातीबाङ गा.वि.स. वडा नं.०४ (हाल कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं.९, बस्ने **भिमलाल पौडेल**, ना.प्र.नं. ४६७८, जारी मिति: २०४४/०३/१७, जिल्ला प्रशासन कार्यालय अर्घाखाँची) ।

**ख.** गोविन्द पौडेलको नाति, डिलाराम पौडेलको छोरा, अर्घाखाँची जिल्ला, धातीबाङ गा.वि.स. वडा नं.४ (हाल कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं.९) बस्ने **भिमलाल पौडेल** (ना.प्र.नं.४६७८, जारी मिति २०४४/०३/१७, जिल्ला प्रशासन कार्यालय अर्घाखाँची) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरणः**

१. गोविन्द पौडेलको नाति, डिलाराम पौडेलको छोरा, अर्घाखाँची जिल्ला, धातीबाङ गा.वि.स. वडा न. ४ (हाल कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं.०९) बस्ने **भिमलाल पौडेल** (ना.प्र.नं. ४६७८, जारी मिति: २०४४/०३/१७, जिल्ला प्रशासन कार्यालय अर्घाखाँची) ।

२. डिलाराम पौडेलको बुहारी, भिमलाल पौडेलको पत्नी, अर्घाखाँची जिल्ला, मैदान गा.वि.स. वडा नं.०५ (हाल कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं.०९) बस्ने **रेवता घिमिरे** (ना.प्र.नं. ११५६०/ ३१८४, जारी मिति: २०४९/०५/०१, जिल्ला प्रशासन कार्यालय अर्घाखाँची) ।

**लिलाम हुने सम्पत्तिको विवरणः**

१. धनी कुमारी बैंक लि. (साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **भिमलाल पौडेल** कायम भई लुम्बिनी अञ्चल यातायत व्यवस्था कार्यालयमा दर्ता कायम रहेको इन्जिन नं. 61A63489660, च्यासिस नं. MAT466420G1A01043, सवारी नं. लु १ ख ९८१२ को TATA TRUCK थान १ ।

२. धनी कुमारी बैंक लि. (साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **भिमलाल पौडेल** कायम भई लुम्बिनी अञ्चल यातायत व्यवस्था कार्यालयमा दर्ता कायम रहेको इन्जिन नं. 51M63487523, च्यासिस नं. MAT466420F1P30787, सवारी नं. लु १ ख ९८२५ को TATA TRUCK थान १ ।

३. धनी कुमारी बैंक लि. (साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **भिमलाल पौडेल** कायम भई लुम्बिनी अञ्चल यातायत व्यवस्था कार्यालयमा दर्ता कायम रहेको इन्जिन नं. 61A63493124, च्यासिस नं. MAT466420G3A02183, सवारी नं. लु १ ख ९९२९ को TATA TRUCK थान १ ।

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औ दिन अर्थात मिति २०८० माघ १७ गते** भित्र बैंकको शाखा कार्यालय ट्राफिक चोक, बुटवलमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय ट्राफिक चोक, बुटवलाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।

४. यो सूचना प्रकाशित भएको **मितिले ८ औ दिन अर्थात मिति २०८० माघ १८ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय ट्राफिक चोक, बुटवलमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।

८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय ट्राफिक चोक, बुटवलमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।

१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८० माघ १८ गते बिहीबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय ट्राफिक चोक, बुटवल फोन नं. ०७१-५३६६३०

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/१०/११ गते)

ज्ञान बहादुर प्रधानाङ्गको नाति, तुलसी भक्त प्रधानाङ्ग/सुन माया प्रधानाङ्गको छोरा, रुपन्देही जिल्ला, बुटवल नगरपालीका वडा नं. ०५ बस्ने कृपा भक्त प्रधानाङ्ग मिति २०८०/०७/१२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको गोगंबु शाखामा रहेका कृपा भक्त प्रधानाङ्गको खाता नं. ०१०००२२५३३३०००01 र ०१०००२२५३३३०००0९ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निजको श्रीमती बिद्या लक्ष्मी प्रधानाङ्गले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय गोगंबु, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय गोगंबु, काठमाडौं फोन नं. ०१-४९८५४५६

## सच्याइएको

प्रभाव राष्ट्रिय दैनिकको अंक २६५ मिति: २०८०/१०/१० गते प्रकाशित गौरीगङ्गा साझेदारी वन उपभोक्ता समूह गौरीगङ्गा न.पा.-८, कैलालीको काठ/दाउरा संकलन सम्बन्धी सूचनामा काठ सम्बन्धी व्यवसाय गर्न ईजाजत प्राप्त फर्म, कम्पनी वा व्यक्तिले सूचना प्रकाशन भएको मितिले २९औं दिन मिति: २०८०/११/०९ गते दिनको १२:०० बजेभित्र डिभिजन वन कार्यालय कैलाली, धनगढी हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ ।

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **CITIZEN CONTRACTING CLEANING AND SERVICES**

पूर्व स्वीकृति मिति २०८०/०५/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१० | LT. No. 291780 | चलानी नं. ६०२०७०३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 11 | 0 | 2500 | ९०९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Analyzer | 1 | 0 | 4000 | १४५४८० | | | | | | | |
| 3 | Data Entry | 9 | 22 | 1000 | ३६३७० | | | | | | | |
| 4 | Foreman | 3 | 0 | 3000 | १०९११० | | | | | | | |
| 5 | General Clean Worker | 0 | 4 | 2500 | ९०९२५ | | | | | | | |
| 6 | Labour | 1 | 0 | 6000 | २१८२२१ | | | | | | | |
| 7 | Manager Variety | 2 | 0 | 2000 | ७२७४० | | | | | | | |
| 8 | Marketing Represent | 8 | 0 | 1000 | ३६३७० | | | | | | | |
| 9 | Painter | 4 | 0 | 2500 | ९०९२५ | | | | | | | |
| 10 | Representative | 3 | 0 | 2000 | ७२७४० | | | | | | | |
| 11 | Sales Supervisor | 4 | 0 | 1200 | ४३६४४ | | | | | | | |
| 12 | Salesman | 1 | 0 | 3500 | १२७२९५ | | | | | | | |
| 13 | Supervisior | 0 | 2 | 1500 | ५४५५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १८ गते (1st Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
Mobile No. 9849007152, E-mail: jalajalarecru2017@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AMIX COMPANY READY MIX**

पूर्व स्वीकृति मिति : २०८०/०६/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१० | LT. No. 293626 | चलानी नं.६०२०८७८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 7 | 0 | 1800 | ६३,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १८ गते (1st Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११७७/०७३/०७४

**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL RIWAQ AL ABYAD CONTRACTING EST**

पूर्व स्वीकृति मिति २०८०/१०/१० | LT. No.298359 | चलानी नं. ६०२१३६८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १८ गते (1st Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९७३/०६७/०६८

**MIDDLE ORBIT OVERSEAS PVT. LTD.**
Samakhushi - 29, Ranibari Marg, Kathmandu, Nepal
Telphone No: +977-1-4387902 Fax No. +977-1-4389051
E-mail: middleorbit@gmail.com Website: middleorbitoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **HEKAYAT ZAWAQA MEALS**

पूर्व स्वीकृति मिति २०८०/१०/०९ | LT. No. 298572 | चलानी नं. ६०२१३६३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1200 | ४२,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १८ गते (1st Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः**१०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **NARJIS SOLUTIONS COMPANY FOR OPERATION AND MAINTENANCE IS A LIMITED LIABILITY COMPANY, A ONE-PERSON**

पूर्व स्वीकृति मिति २०८०/१०/१० | LT. No. 298681 | चलानी नं. ६०२१३६६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 5 | 0 | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १८ गते (1st Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: **MATAJER AL SEIF DEVELOPMENT AND INVESTMENT COMPANY**

पूर्व स्वीकृति मिति २०८०/१०/०९ | LT. No.298656 | चलानी नं. ६०२१३६५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload And Download Labor | 4 | 0 | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **ABID ALI AL HABASHI CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति २०८०/१०/०९ | LT. No.298657 | चलानी नं. ६०२१३६५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 70 | 0 | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १८ गते (1st Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६१९/०६३/०६४

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org

# प्रभाव दैनिक

बिहीबार ११, माघ २०८० (Thursday, January 25, 2024)





## प्रियंका हलिउडको 'द ब्लफ' मा

बलिउड हुँदै हलिउड पुगेकी प्रियंका चोपडा सफलताको शिखरमा छिन् । नायिकाले हलिउडका विभिन्न प्रोजेक्ट साइन गरिरहेकी छिन् । अभिनेत्री रिचर्ड म्याडेनको शीर्ष भूमिका रहेको यही एक्शन प्याक्ड थ्रिलर सिरिजको दोस्रो सिजनमा देखिनेछिन् । प्रियंका चोपडाले अर्को हलिउड फिल्म पनि साइन गरेकी छिन् । यो फिल्म १८०० को दशकको पिरियड ड्रामा हो । यो फिल्मको नाम 'द ब्लफ' रहेको छ । फिल्मको निर्माण द रूसो ब्रदर्सले गर्नेछन् । फिल्मको छायांकन जुनबाट सुरू हुने बताइएको छ । अहिलेसम्म प्रियंका र निर्माण पक्षले यसबारे कुनै आधिकारिक जानकारी दिएका छैनन् ।



# 'मिलिनियम किड्स इन्टरनेसनल'मा तीन विजेता




■ प्रभाव संवाददाता

**काठमाडौं–** बालबालिकाका प्रतिभा निखार्ने एउटा पृथक कार्यक्रम 'मिलिनियम किड्स इन्टरनेशनल २०२४'मा तीन विजेता छानिएका छन् । प्रतियोगीतामा जुनियर केटी, केटा र सिनयर केटी गरेर एकसाथ तीन विजेता छानिएका हुन् ।

जमलस्थित राष्ट्रिय नाचघरमा शनिबार अबेर साँझ सम्पन्न प्रतियोगीतामा जुनियर केटातर्फ आइभान श्रेष्ठ विजेता बन्दा जुनियर केटीतर्फ इलोना कार्कीले शिर्ष उपाधि चुमिन् । त्यस्तै सिनियर केटीतर्फ स्मारिका भट्टराई विजेता घोषित भइन् । शिर्ष विजेता सबैले उपाधिको साथमा बिभिन्न गिफ्ट तथा अवसर समेत पुरस्कारको रूपमा प्राप्त गरे ।

नेपालमा आयोजना हुँदै आएको सौन्दर्य प्रतियोगीताहरू भन्दा भिन्न तवरबाट अन्तराष्ट्रिय स्तरको लाइट, स्टेज र साउन्ड सिस्टमा सहित आयोजित प्रतियोगीताको प्रत्येक शिर्षक ४ उप-विजेता समेत छानिएको थियो । जसमा जुनियर केटातर्फ आरभ अधिकारी फष्ट रनरअप, उत्सर्ग ढकाल सेकेन्ड रनरअप, श्रीजल यादव थर्ड रनरअप र सम्प्रभ जंग केसी फोर्थ रनरअफ बन्दा जुनियर केटीतर्फ निबित्सा झा फष्ट रनरअप, सिकुम सुब्बा सेकेन्ड रनरअप, अलंकृता भट्टराई थर्ड रनरअप र ओजस्वी सिल्वाल फोर्थ रनरअफ भए ।

यस्तै सिनियर केटीतर्फ भने एन्जल गहतराज फष्ट रनरअप, सानभी बिष्ट सेकेन्ड रनरअप र कृषु भण्डारी थर्ड रनरअप चुँनिए ।

सम्पुर्ण देवापाटे (शिक्षा विद्), रोजिना पौडेल (को-अडिनेटर मात्रृभुमी स्कुल), आषिश थापा (निर्देशक-आरए इभेन्ट स्यानेजमेन्ट), सम्झना गिरी (फाउन्डर प्रिन्सिपल-युरो स्कुल भक्तपुर), ईश्वर हमाल (को-अटिनेटर ज्ञानोदय बालबाटिका), मिलन केसी लोप्चन (प्रिन्सिफल अक्सरा स्कुल), फरिदा बानु अहमद (एक्टिभ इन्चार्ज तथा को-अडिनेटर मोर्डन इन्डियन स्कुल), निलिमा मास्के श्रेष्ठ (गीतकार, कवि, प्रिन्सिपल ब्युटिफुल माडन्स) लगायत निर्णायक रहेको प्रतियोगीता रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीले आयोजना गरेको हो । प्रतियोगीताको कोरियोग्राफी अन्तराष्ट्रिय मोडल तथा फेसन कोच राज फैजुले गरेका थिए ।

बिभिन्न आकर्षक शैलीमा बालबालिकाको स्टेज प्रस्तुति सहित आयोजित प्रतियोगीता बालबालिकालाई भविष्य निर्माणमा सक्षम बनाउने उद्देश्यले आयोजना गरिएको आयोजक रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीका प्रबन्ध निर्देशक, अन्तर्राष्ट्रिय मोडल तथा फेसन कोच राज फैजुले जानकारी दिए । प्रतियोगीको ड्रेस डिजाइन श्रीषा बैदारले गरेकी थिइन् । बुद्धिजीवी, सेलिब्रेटी, उपत्यकाका बिभिन्न स्कुलका प्रिन्सिपल बिद्यार्थी लगायतको सहभागीता रहेको कार्यक्रमबाट आफुले भरपुर मनोरञ्जन प्राप्त गरेको र कार्यक्रम अन्तराष्ट्रिय स्टरको रहेको सहभागीले बताए ।

# लोयाङलाई 'वर्ल्ड राइजिङ स्टार'को अवार्ड

■ प्रभाव संवाददाता

**काठमाडौं–** जर्जियामा भएको बालबालिकाको प्रतियोगिता 'वर्ल्ड राइजिङ स्टार २०२४'मा नेपाली प्रतियोगी लोयाङ शेर्पाले शीर्ष उपाधि जितेका छन् । कपनको त्रिज्योति स्कुलमा कक्षा ७ मा अध्ययनरत लोयाङले ४० देशका बालबालिकालाई पछि पार्दै शीर्ष उपाधि जितेका हुन् । प्रतियोगिताको ट्यालेन्ट राउन्डमा 'रेशम फिरिरी' बोलको गीत गाएका उनले विधातर्फ 'ट्यालेन्ट राउन्ड'को अवार्ड पनि सुरक्षित गरे ।

प्रतियोगितामा सहभागी एन्जल बाबु कट्टेलले 'ट्यालेन्ट अवार्ड' र सनिस्ता रेग्मीले 'युरोसिया' अवार्ड जिते । उनीहरू प्रतियोगितामा सहभागी भई मंगलबार बिहान काठमाडौं फर्किएका छन् । त्रिभूवन विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै लोयाङले शीर्ष उपाधि जित्दा खुशी लागेको बताए । 'मैले धेरै स्थानमा स्टेजमा उपस्थिति जनाइसकेको छु । त्यसकारण जर्जियाको प्रतियोगितामा स्टेजमा उभिँदा डर लागेन । शीर्ष उपाधि जित्छु भन्नेमा म ढुक्क थिएँ', उनले भने ।




शेर्पाले प्रतियोगिताको 'कल्चरल राउण्ड'मा शेर्पा जातिको पोसाक बख्खु लगाएका थिए । उनले आफूले त्यहाँ धेरै साथीहरू बनाएकाले उनीहरूलाई नेपाल आउन निम्तो पनि दिएको खुलाए ।

लोयाङका पिता जाङ्बु शेर्पाले छोराले प्रतियोगिताको शीर्ष उपाधि जित्छ नै भन्ने आफूले नसोचेको बताए । 'सानोदेखि नै नृत्य र गायनमा चासो राख्थ्यो । धेरै स्टेज कार्यक्रममा नाँचेर र गीत गाएर पुरस्कार पनि जितेको । तर अन्तर्राष्ट्रिय प्रतियोगितामा नै शीर्ष उपाधि जित्दा मलाई खुशीको सीमा छैन', उनले भने ।

प्रतियोगितामा 'वर्ल्ड राइजिङ स्टार २०२३' का विजेता प्रसुन जंग पोखरे विशेष अतिथिका रूपमा गएका थिए । उनले यसपटक पनि नेपालले शीर्ष उपाधि ल्याउँदा खुशी लागेको बताए । प्रतियोगीलाई जर्जिया पठाउने व्यवस्थापन गरेको परिवर्तन इभेन्ट हाउसकी प्रमुख सोनिया जीआरले आफ्नो कार्यक्रम 'डीएसए स्टार'का विजेताले अन्तर्राष्ट्रिय प्रतियोगितामा शीर्षसहित विधागत अवार्ड जित्दा गौरवको अनुभव गरेको जनाइन् ।

# 'हात्तीछाप'को ट्रेलरमा सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** माघको २६ गतेबाट रिलिजमा आउन लागेको फिल्म 'हात्तीछाप' को ट्रेलर सार्वजनिक गरिएको छ । फिल्मको ट्रेलरमा कमेडी, मित्रता, प्रेम र सामाजिक कथावस्तुलाई स्थान दिइएको छ । फिल्मको ट्रेलरमा भूकम्पको कथादेखि राजनीतिक कथालाई समेत जोडिएको छ । नायक सौगात मल्लको 'बोतल राजा' को गेटअपसमेत देख्न सकिन्छ ।

किरण नेपालीको प्रस्तुतिमा सिमोस सुनुवारले निर्देशन गरेको फिल्ममा दयाहाङ राई, सौगात मल्ल, उपासना सिंह ठकुरी, बेनिशा हमाल, बुद्धि तामाङ, विजय बराल, कमलमणि नेपाल, पुष्कर गुरुङ, कविता आले, विल्सन विक्रम राई, विनोद न्यौपाने, भोलाराज सापकोटा, सुष्मा निरौला, रेयर राई, विशाल पहारी, सविन बास्तोला लगायतका कलाकारको अभिनय छ ।

प्रदीप भारद्वाजको लेखन रहेको फिल्ममा सुशन प्रजापतिको छायांकन, निमेष श्रेष्ठको सम्पादन, देव महर्जनको एक्सन, आर्टमान्डुको सङ्गीत, रामजी लामिछानेको कोरियोग्राफी छ । रेड बर्ड प्रोडक्शनको ब्यानरमा बनेको फिल्मका प्रोडक्शन हेड सुरज आचार्य हुन् । पुष्कर गुरुङ, अमलादेवी राई र जय श्रेष्ठ निर्माता रहेको फिल्मका कार्यकारी निर्माता सरोज नेपाली हुन् ।

फिल्मका प्रस्तुतकर्ता किरणले दया, सौगात र उपासनालाई नै लिएर फिल्म '२ नम्बरी' बनाएका थिए । जुन, बक्स अफिसमा सुपरहिट भएको थियो । फिल्म 'हात्तीछाप' ले पनि बक्स अफिसमा सुखद कमाई गर्ने उनी बताउँछन् ।



## रंगशाला

### यू-१९ विश्वकप क्रिकेट

# नेपाल दोस्रो खेलमा पनि पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण अफ्रिकामा जारी आईसीसी यू-१९ विश्वकपमा नेपालले दोस्रो खेलमा पनि पराजय भोगेको छ । बलियो टोलि पाकिस्तानविरुद्ध टस जितेर ब्याटिङ गरेको नेपाली ब्याट्सम्यानहरूले मध्यमस्तरको ब्याटिङ गर्दै निर्धारित ५० ओभरमा सबै विकेट गुमाएर १९७ रन बनाएको थियो ।

त्यसपछि १९८ रनको सामान्य लक्ष्य पछ्याएको पाकिस्तानले ४७.४ ओभरमा ५ विकेट गुमाएर २०१ रन बनाउँदै विश्वकपमा अघिल्लो चरणको प्रवेश पक्का गरेको हो । समूहमा रहेका चार टोलीमध्ये न्यूजिल्याण्ड र पाकिस्तानले २/२ जित हात पारेका छन् भने नेपाल र अफगानिस्तानले दुवै खेलमा पराजय ब्यहोरेका छन् । अब शुक्रबार हुने नेपाल र अफगानिस्तानबीचको खेलमा जित हात पार्ने टोली अघिल्लो चरण प्रवेश गर्नेछ ।

१९८ रनको लक्ष्य पछ्याउने क्रममा पाकिस्तानका अवान अविसले ६३ रन बनाएका थिए । त्यस्तै ओपनर श्यामल हुसेन र शाहजैब खानले ३७/३७ रन बनाएका थिए । उत्कृष्ट सुरुवात गरेको पाकिस्तानले पहिलो विकेट ८० रन बनाउँदा गुमाएको थियो भने लगत्तै ८१ रन बनाउँदा दोस्रो विकेट गुमाएको थियो । पाकिस्तानका अहमद हसन २९ रनमा आउट भए ।

नेपालका लागि पहिलो ३ विकेट आकाश चन्दले लिएका थिए । भने अन्य दुई विकेट आकाश त्रिपाठी र दिपेश कँडेलले लिएका थिए ।

नेपालका लागि विपीन रावलले सर्वाधिक ३९ रन बनाएका थिए । नेपालका अन्य ब्याट्सम्यानहरू खासै चल्न नसकेपछि सम्मानजनक स्कोरतर्फ अघि बढ्न सकेन । कप्तान देव खनाल २३ रनमा आउट भए भने आशालाग्दा सिनियर टिमका सदस्य गुल्सन झा पनि सस्तैमा गुमाउनु नेपालका लागि दुःखद रह्यो । नेपालका लागि अन्तिम तिरका ब्याट्सम्यान दिपक डुम्रे, सुवास भण्डारी, आकाश चन्दले मध्यमस्तरको प्रदर्शन गर्दै उक्त लक्ष्य प्रस्तुत गरेका थिए । यसअघि जारी विश्वकपको पहिलो खेलमा नेपाल न्यूजिल्याण्डसँग पराजित भएको थियो ।

### आहा रारा गोल्डकप

# आर्मी क्वाटरफाइनलमा प्रवेश



**पोखरा (प्रस)–** पोखरामा जारी आहा रारा पोखरा गोल्डकपमा त्रिभुवन आर्मी फुटबल क्लब क्वाटर फाइनलमा प्रवेश गरेको छ । बुधबार पोखरा रंगशालामा भएको प्रतिस्पर्धामा नवलपुरको राइजिङ स्टार क्लबलाई १-० गोल अन्तरले पराजित गर्दै आर्मी अन्तिम ८ मा प्रवेश गरेको हो । आर्मीका लागि कप्तान भरत खवासले २७ औं मिनेटमा गोल गरे । उनकै गोल आर्मीको जितमा पर्याप्त भयो । निर्णायक गोल गरेका उनी म्यान अफ दि म्याच समेत घोषित भएका छन् ।

खेल अवधिमा धेरै अवसर पाएपनि दुवै टोली गोल गर्नबाट वञ्चित रहे । बिहीबार मच्छिन्द्र क्लब र जावलाखेल क्लबबिच तेस्रो प्रिक्वाटर फाइनल खेल हुनेछ । प्रतियोगिताको विजेताले १२ लाख १ हजार र उपविजेताले ६ लाख १ हजार पुरस्कार पाउने छन् ।

# पहिलो दिन शुक्रलाई अग्रता

**धरान (प्रस)–** सूर्य नेपाल इस्टर्न ओपनको पहिलो दिन नेपाल नम्बर एक गल्फर शुक्र बहादुर राई ३-अन्डर ६७ को स्कोरमा शीर्षस्थानमा रहेका छन् । डिफेन्डिङ च्याम्पियन शुक्रले धरानका अर्का गल्फर नीरज तामाङलाई १८ होलको समाप्तिमा १ स्ट्रोकले पछि पारे। २-अन्डर ६८ सहित नीरज तामाङ दोस्रो स्थानमा छन् ।

एमेच्योरद्वय युवराज भुजेल र पदम हाङ संयुक्तरूपमा तेस्रो स्थानमा रहे। उनीहरूले १-अन्डर ६९ स्कोर गरे। पूर्व नम्बर एक गल्फर भुवन नगरकोटी इभन-पार ७० सहित पाँचौं स्थानमा र १-ओभर ७१ स्कोरमा रामे मगर छैटौं स्थानमा रहेका छन्। स्थानीय प्रो सबिन सापकोटा र देवराज पाखिनले २-ओभर ७२ सहित संयुक्तरूपमा सातौं स्थान बाँडे । भेट्रान गल्फर दीपक मगर ३-ओभर ७३ सहित नवौं स्थानमा रहदा धन बहादुर थापा र एमेच्योर गजेन्द्र गुरूङ संयुक्तरूपमा दशौं स्थानमा रहेका छन् । उनीहरूले ४-ओभर ७४ मा पहिलो दिनको खेल सकाए ।

भारतीय गल्फ टुरमा २०२४ सिजनको लागि कार्ड जोगाएर फर्किएका शुक्रले आज घरेलु कोर्स धरान गल्फ क्लबमा राम्रो सुरुवात गरे । ५-पारको तेस्रो होलमा इगलको सफलता प्राप्त गरे तर लगतै चौथो होलमा डबल बोगीको सामना गरे । यसपछि पाँचौं देखि सातौं र नवौं होलमा बर्डीको सफलता प्राप्त गर्दै फ्रन्ट नाइन ४-अन्डर ३२ मा सकाए । ब्याक नाइनमा उनले लय गुमाए । १३औं होलमा दिनको दोस्रो डबल बोगी खेपेका शुक्रले १२औं र १६औं होलमा एक-एक सट बचाए । तर १७औं होलको बोगीले ब्याक नाइन १-ओभर ३५ मा पुरा गरे ।

धरानका अर्का प्रो नीरज तामाङले पहिलो दिन दोस्रो स्थानमा खेल सकाउने क्रममा उत्कृष्ट सुरुवात गरे। तेस्रो, पाँचौं र नवौं होलको बर्डीले फ्रन्ट नाइन ३-अन्डर ३३ मा सकाए । यसपछि १४औं र १५औं होलमा लगातार दुई बोगी प्रहार गरे। १६औं होलको बर्डीले ब्याक नाइन १-ओभर ३५ मा पुरा गरे । एमेच्योर गल्फर युवराजले फ्रन्ट नाइन २-अन्डर ३४ मा सकाउने क्रममा तेस्रो र पाँचौं होलमा एक-एक सट बचाए । १२औं होलमा बर्डी प्रहार गरे। तर १४औं १६औं होलको बोगीले ब्याक नाइन १-ओभर ३५ मा सकाए ।

अर्का एमेच्योर पदमले पहिलो, छैटौं, आठौं र नवौं होलमा बर्डी प्रहार गरे। तर चौथो होलमा डबल बोगी र पाँचौं होलमा बोगी खेप्दा फ्रन्ट नाइन १-अन्डर ३५ मा सकाए । यसपछि १०औं र १८औं होलमा बर्डी प्रहार गरेका पदमले १४औं र १५औं होलमा एक-एक सट खेर फाले । तीन दिने ५४ होलको प्रतियोगितामा ३० प्रो र १७ एमेच्योर गल्फर गरी कुल ४७ जनाको सहभागीता रहेको छ । ३६ होलको समाप्तिमा कट लागु हुनेछ । जहाँ २१ टप प्रोफेसनल खेलाडीले अन्तिम १८ होलको लागि स्थान बनाउनेछन् ।


**Pipara Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Pipara, Mahottari**

**Tender Cancellation Notice**

**(Contract IFB No:EGP/NCB/WORKS/079/080-01)**

**1st Date of Publication:-2079/10/20**

**2nd Date of Publication:-2080/02/05**

**Date of Cancellation:2080/10/11**

Invitation for the Bids for the Construction of Bholhi pond, Market Building &Durga Temple Beautification At pipara Chowk (Contract IFBNo:EGP/NCB/WORKS/079/080-01) published in Madhyanha National Daily on 2080/02/06 have been cancelled as per Clause 37.1 of Section I:instruction to Bidders of the Bidding Document.

**Chief Administrative Officer.**

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ADKA GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति: २०८०/०७/१० पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१० LT. No. 294304 चलानी न. ६०२०९४११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 7 | 0 | 1200 | ४२,५८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १८ गते (1st Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.**

Govt. License No. 1336/074/075

Maharajgunj, sankhapark, Kathmandu Nepal,
Telephone : +977 1 5903011/5903012
Email : sulavrecruitment@gmail.com, Website: www.sulavhr.com

# चीनमा एक करोड २० लाखभन्दा बढी सहरी रोजगारी सिर्जना

**बेइजिङ–** चीनले सन् २०२३ मा आफ्नो सहरी क्षेत्रमा एक करोड २० लाखभन्दा बढी रोजगारी सिर्जना गरेको छ । गत वर्षको कूल गार्हस्थ उत्पादनमा ५.२ प्रतिशतको वृद्धि रोजगारी सिर्जनाका लागि महत्त्वपूर्ण थियो । कूल गार्हस्थ उत्पादनमा सेवा क्षेत्रले आर्थिक सुधारको नेतृत्व गरिरहेको मानव संसाधन तथा सामाजिक सुरक्षा मन्त्रालयका अधिकारी युन डोङलाईले पत्रकार सम्मेलनमा जानकारी दिए ।

सन् २०२३ मा ३० करोड युआनभन्दा बढी केन्द्रीय र स्थानीय सरकारको आर्थिक सहयोगका साथ देशले रोजगारीका लागि नीतिगत सहयोग बढाएको उनले बताए । पछिल्ला चरणहरूमा देशले सामाजिक बिमाको बोझ कम गर्दै वित्तीय अनुदान र कर प्रोत्साहन बढाएर अधिक वित्तीय सहायता प्रदान गर्दै रोजगारीलाई आफ्नो शीर्ष प्राथमिकताका रूपमा कायम राखेको अधिकारीले बताए ।

यसले डिजिटल, इको-मैत्री, र वृद्ध हेरचाह क्षेत्रहरूसँगै उन्नत उत्पादनलाई रोजगारी सिर्जना गर्न प्रोत्साहित गर्नेछ । यो नीतिले निजी, साना र मध्यम आकारका कम्पनीहरू जस्ता प्रमुख रोजगार चालकहरूलाई सहयोग पुग्ने छ ।

अधिकारीका अनुसार राष्ट्रव्यापी प्रमुख जनसंख्याका लागि रोजगारी सिर्जना गर्ने उद्देश्यले जनवरीदेखि अप्रिलसम्म रोजगारी प्रवर्द्धन अभियान पनि सुरु गरिने छ । देशको स्थिर आर्थिक पुनरुत्थान, परम्परागतबाट नयाँ वृद्धि चालकहरूमा स्थानान्तरण र रोजगारी सिर्जनाका नयाँ स्रोतहरूको निरन्तर उदयका कारण चीनको रोजगारी सामान्य तया स्थिर रहने अपेक्षा गरिएको उल्लेख गरे । *रासस/सिन्ह्वा*

# पूर्वप्रधानमन्त्री खानले दिए उच्च अदालतमा पुनरावेदन

**इस्लामावाद–** पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानले तोशाखाना र अल कादिर ट्रस्ट प्रकरणमा जमानतका लागि इस्लामाबाद उच्च अदालतमा निवेदन दिएका छन् । पाकिस्तान तेहरीक-ए-इन्साफ (पिटिआई) का संस्थापक नेतासमेत रहेका खानले आफ्ना वकिलमार्फत जवाफदेहिताबारे अदालतको फैसलाविरुद्ध दुई छुट्टाछुट्टै याचिका दायर गरेका छन् ।

याचिकामा खानले इस्लामाबाद उच्च न्यायालयमा जवाफदेहितासम्बन्धी तल्लो अदालतको निर्णयलाई खारेज गर्न र आफूलाई जमानत दिन अनुरोध गरेका छन् । एआरवाई न्युजका अनुसार दुवै मुद्दामा पिटिआईका संस्थापक खानले आफूमाथि लागेका अभियोग राजनीतिक पूर्वाग्रहबाट प्रेरित रहेको दाबी गर्दै आफूलाई गिरफ्तारी नगरी जमानतमा छोड्न गरेको याचिकापछि अदालतले जमानत अस्वीकार गरेको थियो ।

नेता खानले आफूमाथि लगाइएका मुद्दा ‘राजनीतिक उत्पीडन’ र ‘दुर्भावनापूर्ण मनसाय’मा आधारित रहेको बताएका छन् । यसअघि जनवरी ९ मा इस्लामाबादस्थित एक अदालतले खानको तोशाखाना र १९ करोड पाउन्डको अल-कादिर ट्रस्ट मुद्दामा उनको जमानत आवेदन खारेज गरेको थियो । तोशाखाना र १९ करोड पाउन्ड घोटाला प्रकरणको सुनुवाइ गर्दै न्यायाधीश मोहम्मद बशीरले अपदस्थ प्रधानमन्त्रीले दायर गरेको याचिकामा फैसला सुनाएको एआरवाई न्युजले जनाएको छ ।

पाकिस्तानको लाहोर उच्च अदालतले मे ९ मा भएको प्रदर्शनसँग सम्बन्धित सातवटा मुद्दामा पूर्वप्रधानमन्त्री खानलाई जमानत दिइएको पाकिस्तानस्थित जियो न्युजले जनाएको छ । सन् २०२३ को मे ९ मा इमरान खानलाई पक्राउ गरेपछि पाकिस्तानभर विरोध प्रदर्शन भएको थियो । खानको गिरफ्तारीपछि पिटिआईका कार्यकर्ताहरू आक्रोशित भई देशका प्रमुख सहर तथा दुर्गम ग्रामीण भेगहरूमा विरोध प्रदर्शन गरिएको थियो ।

लाहोरस्थित सैन्य कमान्डरको घरलगायत सेनाका प्रतिष्ठानमा पनि पिटिआईका कार्यकर्ताले गरेको प्रदर्शनका क्रममा आक्रमण भएको थियो । इमरान खान र पिटिआईका शीर्ष नेताहरूले फेब्रुअरी ८ मा हुने चुनाव नजिकिँदै गर्दा पनि विभिन्न मुद्दाहरूको सामना गरिरहेका छन् । पिटिआईले आफ्नो चुनाव चिह्न ‘ब्याट’ र अन्तरपार्टी निर्वाचनको वैधानिकता फिर्ता पाउन दिएको निवेदनको विपक्षमा अदालतले फैसला गरेको थियो ।

जिओ न्युजका अनुसार पिटिआईले कठिन चुनौतीको सामना गरिरहेका बेला यसका प्रमुख प्रतिद्वन्द्वी पाकिस्तान पिपुल्स पार्टी (पिपिपी) र पाकिस्तान मुस्लिम लिग-नवाज (पिएमएल-एन) ले देशभर अभियान सुरु गरिसकेका छन् र राष्ट्रिय र प्रान्तीय निर्वाचन क्षेत्रका लागि टिकट वितरण गरिसकेका छन् । *रासस/एएफपी*


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/१०/११

यस कम्पनीको मिति २०८०/०९/२३ मा सम्पन्न बार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **ब्लाक स्ट्रिट बार प्रा.लि. (प्रा.लि. नं. ३१६८७६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०९/२५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सेभेन्टी फाइव बार प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७६/०५/२२ मा दर्ता भएको **प्रा.लि. नं. २२३६७३** को **नबजिवन कृषी फार्म प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१०/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL IBTEHAR CAR MAINTENANCE

पूर्व स्वीकृति मिति २०८०/०३/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१० | LT. No.288016 | चलानी नं: ६०२०३३३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen. Clean Worker | 0 | 8 | 1100 | ३९,८५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 30 | 0 | 2500 | ९०,५६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १८ गते (1st Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**
श्रम ईजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-BARA IBRAHIM OBAID AL-MAAWI CAFE PROVIDES MEALS

पूर्व स्वीकृति मिति २०८०/१०/१० | LT. No. 298691 | चलानी नं. ६०२१३६९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee | 2 | 0 | 1200 | ४२,५९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Food And Beverage Counter Worker | 1 | 0 | 1000 | ३५,४९० | | | | | | | |

कम्पनी : AL MUTALIQOON LAUNDRY FOR WASHING CLOTHES

पूर्व स्वीकृति मिति २०८०/१०/१० | LT. No. 298690 | चलानी नं. ६०२१३६९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Flaundry worker | 1 | 0 | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १८ गते (1st Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## कतार/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL NOOR FOR TRADING CLEANING & SERVICES

पूर्व स्वीकृति मिति २०८०/०४/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१० | LT. No. 289891 | चलानी नं. ६०२०५१४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 1 | 0 | 2500 | ९०,०२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Cleaner / Worker | 10 | 0 | 1000 | ३६,०१० | | | | | | | |
| 3 | Labour | 2 | 0 | 1000 | ३६,०१० | | | | | | | |
| 4 | Receptionist | 2 | 0 | 1400 | ५०,४१० | | | | | | | |

कम्पनी : JASSIM & ABDULAAL FACILITIES MANAGEMENT WLL

पूर्व स्वीकृति मिति २०७९/०७/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१० | LT. No. 274791 | चलानी नं. ६०१९०३७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 53 | 8 | 1000 | ३६,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FERROPAN OILFIELD SERVICE & SUPPLIES LLC

पूर्व स्वीकृति मिति: २०८०/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१० | LT. No. 288314 | चलानी नं. ६०२०३५९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Black Smith | 57 | 0 | 1200 | ४२,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labourer | 200 | 0 | 900 | ३२,१४० | | | | | | | |
| 3 | Carpenters | 59 | 0 | 1200 | ४२,८५० | | | | | | | |
| 4 | Civil Engineer | 10 | 0 | 6000 | २१४,२५५ | | | | | | | |
| 5 | Construction Carpenter | 35 | 0 | 1200 | ४२,८५० | | | | | | | |
| 6 | Electricians | 3 | 0 | 1200 | ४२,८५० | | | | | | | |
| 7 | Filling Clerk | 20 | 0 | 1200 | ४२,८५० | | | | | | | |
| 8 | Mechanical Engineer | 5 | 0 | 6000 | २१४,२५५ | | | | | | | |
| 9 | Painter Assistant | 18 | 0 | 1100 | ३९,२८० | | | | | | | |
| 10 | Painters | 30 | 0 | 1200 | ४२,८५० | | | | | | | |
| 11 | Plumbers | 2 | 0 | 1200 | ४२,८५० | | | | | | | |
| 12 | Scaffolders | 45 | 0 | 1300 | ४६,४२० | | | | | | | |
| 13 | Scaffolding Supervisor | 40 | 0 | 2500 | ८९,२७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १८ गते (1st Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Govt.Lic. No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | E:-minawarecruitment@gmail.com | w:-www.minawarecruitment.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TIGER COOKIES COFFEE SHOP

पूर्व स्वीकृति मिति २०७८/१२/१० | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१० | LT. No. 259260 | चलानी नं. ६०१७५७६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Confectioner | 0 | 1 | 1400 | ४६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TIGER COOKIES COFFEE SHOP

पूर्व स्वीकृति मिति २०७९/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१० | LT. No. 262648 | चलानी नं. ६०१७८८९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Confectioner | 0 | 1 | 1400 | ४६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TIGER COOKIES COFFEE SHOP

पूर्व स्वीकृति मिति : २०७९/०७/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१० | LT. No. 274531 | चलानी नं.६०१९०१३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Confectioner | 1 | 0 | 1300 | ४७,३४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 2 | 0 | 1300 | ४७,३४५ | | | | | | | |

कम्पनी : TIGER COOKIES COFFEE SHOP

पूर्व स्वीकृति मिति : २०८०/०५/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१० | LT. No. 292414 | चलानी नं. ६०२०७६०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 0 | 1 | 1300 | ४७,३४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cooker | 1 | 0 | 1300 | ४७,३४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १८ गते (1st Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.**
Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com



## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTERNATIONAL WORK FINDER

पूर्व स्वीकृति मिति २०७९/१०/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१० | LT. No. :280599 | चलानी नं.६०१९६४४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब USD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 650 | ८५,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 10 | 0 | 550 | ७३,२०० | | | | | | | |
| 3 | Cook | 5 | 0 | 650 | ८५,५१० | | | | | | | |
| 4 | Cook Helper | 10 | 0 | 550 | ६३,२०० | | | | | | | |
| 5 | General Worker | 9 | 6 | 550 | ६३,२०० | | | | | | | |
| 6 | Mason | 10 | 0 | 650 | ८५,५१० | | | | | | | |
| 7 | Shuttering Carpenters | 10 | 0 | 650 | ८५,५१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १८ गते (1st Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** ४०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Balaha Overseas Pvt. Ltd.**
Govt. License 1534/078/079
Sinamngal - 9, Kathmandu, Nepal Tel: +977-1-5910171, E-mail: info@balahaoverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : POSCO MALAYSIA SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०८/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१० | LT. No. 276589 | चलानी नं. ६०१९२२५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 3 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १८ गते (1st Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All-Solution Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. १४५४/०७४/०७५
Basundhara-03, Kathmandu Nepal, Ph No: + 01-5903078, 015903079
E-mail : info@allsolution.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AJAD GOLDEN FOOD INDUSTRIES COMPANY

पूर्व स्वीकृति मिति २०८०/१०/०९ | LT. No.298624 | चलानी नं. ६०२१३६५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 5 | 0 | 1500 | ५३,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १८ गते (1st Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Noor Overseas Pvt. Ltd**
श्रम ईजाजत नं. १०८८/०७३/०७४
Samakhushi-29, Kathmandu, Nepal Phone : +977-1-4383094, 4360824
E-Mail : operation.alnoor@gmail.com. Website : www.alnooroverseas.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्ज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ११८४०० | प्रति तोला – ११७८५० | प्रति तोला – १३८० |



**बजार लैजाने तयारी** | दाङको घोराही उपमहानगरपालिका–१० नारायणपुरस्थित राप्ती बबई एग्रिकल्चर प्रालिमा बिक्रीका लागि टिपेर संकलन गरेको गोलभैँडा । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# ‘अनुत्पादक क्षेत्रमा लगानी गर्दा वित्तीय क्षेत्रमा समस्या’

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा प्रकाशशरण महतले बैंक तथा वित्तीय संस्थाबाट घरजग्गा र सेयर बजारजस्ता अनुत्पादक क्षेत्रमा बढी कर्जा विस्तार हुँदा त्यसले समस्या सृजना गरेको बताएका छन् । राष्ट्रिय वाणिज्य बैंकको ५९ औं वार्षिकोत्सवमा अर्थमन्त्री महतले विगतमा अनुत्पादक क्षेत्रमा ठूलो लगानी हुँदा समस्या देखिएको उल्लेख गर्दै अबका दिनमा उत्पादनमूलक र राम्रो प्रतिफल दिने क्षेत्रमा लगानी गर्नुपर्ने बताए ।

‘हिजोका दिनमा बैंकबाट भएको लगानी ठीक ठाउँमा गएन । सेयर बजार र जग्गामा धेरै कर्जा विस्तार भयो । त्यो बेला ऋण लिएका ऋणीहरू अहिले समस्यामा परेका हुन् । ब्याजदर बढ्यो तर प्रतिफल छैन’, अर्थमन्त्रीले भने, ‘हाम्रा आवश्कता धेरै छन् । स्रोत साधन निकै कम छ । खर्चको प्राथमिकिकरण गर्न आवश्यक छ । राज्यको स्रोत साधनलाई बढीभन्दा बढी प्रतिफल दिने क्षेत्रमा लगानी गर्नुपर्छ ।’

बैंक तथा वित्तीय संस्थाले घरजग्गा धितो राखेर कर्जा दिनुको सट्टा विभिन्न खालका आयोजनालाई धितो मानेर कर्जा दिने प्रवृत्तिको विकास गरिनुपर्ने अर्थमन्त्री महतले बताए । पूर्वाधार र संरचनाका हिसाबले सार्वजनिक क्षेत्र निकै राम्रो भएपनि सहज सेवा प्रवाहमा चुक्दा बदनाम हुनुपरेको उनले बताए । आम नागरिकलाई हुने सेवा प्रवाह सरल र सहज बनाएर सार्वजनिक क्षेत्रप्रतिको बुझाइलाई सुधार गर्दै जानुपर्ने उनले उल्लेख गरे । सरकारी भएकै कारण राष्ट्रिय वाणिज्य बैंकले अपेक्षित प्रगति गर्न नसकेको उनले बताए ।



‘यो बैंकको हैसियत यति मात्रै हुने होइन । यो सार्वजनिक बैंक भएकै कारण नेपालको नम्बर एक बैंक हुन नसकेको हो । बैंकको व्यवस्थापन र कर्मचारीका कारण बैंक पहिलो हुन नसकेको हो’, अर्थमन्त्रीले भने ।

ट्रेड युनियनका नेताहरूले माग मात्रै राख्ने तर समस्या समाधानका लागि कसरी पहल गर्ने भन्नेबारे सुझाव नदिने गरेको अर्थमन्त्रीले बताए । गत आर्थिक वर्षमा बैंकको नाफाबाट सरकारले पाँच दशमलव पाँच प्रतिशत लाभांश लिएको उल्लेख गर्दै उनले बढी सेवा सुविधा पाउनुपर्ने कर्मचारीको माग अनुचित हो,’ भने ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले नेपालको अर्थतन्त्रमा राष्ट्रिय वाणिज्य बैंकको महत्वपूर्ण भूमिका रहेको बताए । विगतमा कुनै समय ६० प्रतिशतसम्म निष्क्रिय कर्जा देखिएको र निकै खराब अवस्था व्यहोरिरहेको वाणिज्य बैंक अहिले निकै व्यावसायिक र प्रतिस्पर्धी बनेको गभर्नर अधिकारीले बताए । पछिल्लो समय अर्थतन्त्रमा सुधार हुँदै गएको बताउँदै उनले भने, ‘अर्थतन्त्रमा निकै राम्रो अवस्था हुँदै गएको छ । बाह्य क्षेत्रमा सुधार छ । बैंक तथा वित्तीय संस्थामा पनि कर्जा असुलीमा केही समस्या बाहेक अरु ठूला कुनै समस्या छैनन् ।’

बैंक वित्तीय क्षेत्रको वित्तीय स्वास्थ्यमा समस्या आउन नदिन नियामक निकाय नेपाल राष्ट्र बैंकले विभिन्न किसिमका ‘प्रोभिजनिङ’ को व्यवस्था ल्याउँदा उनीहरूको नाफा केही घटेको देखिएपनि समग्रमा यसले सकारात्मक प्रभाव नै देखाएको उनले बताए । ‘बैंक वित्तीय संस्थाको नाफा केही घटेको जस्तो देखिन्छ । घट्नुको कारण प्रोभिजनिङ हो । असल कर्जा दिँदा पनि अनिवार्य प्रोभिजनिङ गर्नैपर्छ । दिगो र सुरक्षित बैंकिङका लागि राष्ट्र बैंकले यस्तो व्यवस्था गरेको हो’, गभर्नर अधिकारीले भने । पछिल्लो समय मुलुकको समग्र आर्थिक स्थिति शिथिल हुँदा कर्जा असुलीमा केही समस्या देखिएको गभर्नर अधिकारीले बताए ।

बैंक वित्तीय संस्थालाई अप्ठेरोमा पर्न नदिन राष्ट्र बैंकले नीतिहरूमा सहजीकरण गरिरहेको उनले बताए । ‘नीतिगत दर घटाइएको छ । तरलताको अवस्था निकै राम्रो छ । लगानी गर्नसक्ने अवस्था रहेको छ । बाह्यक्षेत्रतर्फ हामीसँग विदेशी मुद्रा सञ्चितीको अवस्था राम्रो छ । कर्जाको माग क्रमशः बढ्दै जानेछ भन्ने अपेक्षा हामीले गरेका छौं’, उनले भने, ‘अहिले नै वाणिज्य बैंकले दश दशमलव पाँच प्रतिशत ब्याजदरमा कर्जा उपलब्ध गराउनुपर्ने अवस्था आइसकेको छ । अब अधिकांश वाणिज्य बैंकले एकल अंकको ब्याजदरमा कर्जा उपलब्ध गराउनुपर्ने अवस्था आउँदैछ । यसकारण कर्जाको माग पनि बढ्नेछ भन्ने अपेक्षा हाम्रो छ ।’

पूर्वगभर्नर डा तिलक रावलले पछिल्लो समय बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय स्वास्थ्य खराब देखिँदै गएको बताए । ‘अहिले वित्तीय क्षेत्रलाई हेर्दा त्यति सुखद स्थिति म देख्दिन । बैंक तथा वित्तीय संस्थाको मुनाफा घट्दो छ । प्रतिसेयर आम्दानी घटिरहेको छ भने खराब कर्जा बढिरहेको छ । उनीहरूलाई वार्षिक साधारणसभा गरेर आफ्नो वित्तीय स्वास्थ्यको अवस्था बारे जानकारी दिन पनि अप्ठेरो भइरहेको छ,’ उनले भने ।

राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकको व्यनवसायिकता र कार्यशैलीमा निकै सुधार भएको बताए । आगामी दिनमा प्राथमिकताका क्षेत्रमा लगानी गरेर थप प्रतिस्पर्धी बैंकका रूपमा वाणिज्य बैकलाई स्थापित गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड बुधबारबाट आफ्नो स्थापनाको ५८ वर्ष पूरा गरी ५९ औं वर्षमा प्रवेश गरेको छ । २०८० असार मसान्तसम्ममा बैंकको अधिकृत सेयर पुँजी रु ३० अर्ब, जारी र चुक्ता सेयर पुँजी रु १५ अर्ब ६३ करोड ७३ लाख ७७ हजार ५५ रहेको छ ।

# अमेरिकी स्टक एक्सचेञ्जमा नेपालीको कम्पनी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली उद्यमी डा समीर मास्केले स्थापना गरेको कम्पनी ‘फ्युजमेसिन्स’ अमेरिकाको प्रतिष्ठित स्टक एक्सचेञ्ज ‘नास्डक’मा सूचीकृत हुने भएको छ । आर्टिफिसियल इन्टेलिजेन्स (एआई)सँग सम्बन्धित काम गर्दै आएको कम्पनी फ्युजमेसिन्स र सिएसएलएम एक्विजिसन कर्पबीच नास्डकमा सूचीकृत हुने गरी मर्जर सम्झौता भएको कम्पनीको भनाइ छ । मर्जरपछि कम्पनीको दुई सय मिलियन डलर बराबरको हुने अपेक्षा गरिएको छ ।

कम्पनीका संस्थापकसमेत रहेका प्रमुख कार्यकारी अधिकृत डा मास्केका अनुसार उक्त कम्पनीसँगको सहकार्यपछि कम्पनी ‘फ्युज’ नामबाट नास्डाकमा सूचीकृत हुनेछ । यो प्रक्रिया सन् २०२४ को दोस्रो त्रैमाससम्म पूरा हुनेछ । हाल उक्त सम्झौतालाई दुवै कम्पनीको सञ्चालक समितिले सर्वसम्मतीले पारित गरिसकेको छ भने अब सेयरधनीहरूको स्वीकृति र आवश्यक कानूनी प्रक्रिया पूरा गरेपछि कम्पनी नास्डाकमा सूचीकृत हुनेछ ।

अमेरिकाको कोलम्बिया विश्वविद्यालयमा सहप्राध्यापक समेत रहेका डा मास्केले सन् २०१३ मा फ्युजमेसिन्स कम्पनी स्थापना गरेका थिए । हाल फ्युजमेसिन्स कम्पनीले नेपाल, अमेरिका र क्यानाडाका विभिन्न कम्पनी तथा संस्थासँग काम गरिरहेको छ । कम्पनीमा कार्यरत चार सय ५० जना कर्मचारीमध्ये ३५० जना नेपालबाट काम गरिरहेको उनले बताए ।

डा मास्केले भने, ‘कम्पनीको संस्थापकका रूपमा विश्वको प्रमुख वित्तीय साधन परिचालन गर्ने निकाय नास्डाकमा सूचीकृत भएर कारोबार गर्न पाउनु कम्पनीका लागि कोसेढुङ्गा नै हो । यसबाट कम्पनीले आर्टिफिसियल इन्टेलिजेन्सका क्षेत्रमा ठूलो फड्को मार्ने आशा गरेको छु ।’ सम्झौताअनुसार सीएलएलएममा आबद्ध भएकाहरूले पाइप फाइनान्सिङ र प्रिक्लोजिङ फाइनान्सिङ गरी मितिश्र ढङ्गले फ्युजमेसिन्समा १९ दशमलव ४४ मिलियन डलरसम्म लगानीको प्रतिबद्धता जनाएका छन् । यो रकम कम्पानीको चालु पुँजीको आवश्यकता पूरा गर्न खर्च गरिनेछ कम्पनीको भनाइ छ ।

# रिलायन्स फाइनान्स बन्यो लुम्बिनी बिजनेस समिटको साझेदार

**काठमाडौं (प्रस)–** रिलायन्स फाइनान्सले लुम्बिनी बिजनेस समिट २०८० को फाइनान्स साझेदारका रूपमा साझेदारी गर्ने भएको छ । व्यावसायिक कृषि, वनपैदावर, जडिबुटी, पर्यटन, साना, मझौला, स्टार्टअप र नवप्रर्वतन लगायतका व्यवसायको विकास गदै प्रदेशस्तरमा लगानीको अवसर र यसको प्रवर्द्धनका लागि पहिलो पटक प्रदेशस्तरमा यो कार्यक्रम आयोजना गर्न लागिएको हो । साझेदारी सम्वन्धी समझदारी पत्रमा रिलायन्स फाइनान्सको तर्फबाट प्रमुख कार्यकारी अधिकृत समाज प्रकाश श्रेष्ठ र आयोजक संस्थाहरूको तर्फबाट नेपाल बिजनेस इन्स्टिच्युट कार्यकारी अध्यक्ष विशाल गैरेले हस्ताक्षर गरे ।

हस्ताक्षर कार्यक्रममा रिलायन्स फाइनान्सका प्रमुख कार्यकारी अधिकृत समाज प्रकाश श्रेष्ठले वित्तीय साक्षरता सहितको आर्थिक विकास नै समृद्धिको मूल आधार भएकाले उद्यमशीलता र व्यवसायिक प्रवर्द्धनका लागि बिजनेस समिटहरूमा बित्तिय संस्थाहरूको साझेदारी अनिवार्य नै रहन बताए । सम्मेलनले उद्यमी र बित्तिय संस्थाहरूबिचको सम्वन्ध घनिष्ट भएर जाने उनको बिश्वास छ । नेपाल बिजनेस इन्स्टिच्युटका कार्यकारी अध्यक्ष विशाल गैरेले संघीय स्तरमा मात्र भइरहने यसखाले सम्मेलनहरू प्रदेशस्तरमा आयोजना गर्दा स्थानीयस्तरमा उद्यमी तथा उद्यमशीलताको विकास, प्रवर्द्धन एवं बिस्तार, उत्पादन, उत्पादकत्व एवं रोजगारीको अभिबृद्धि तथा लगानीका क्षेत्रको पहिचान एवं लगानी बिस्तारमा सम्मेलनले सहजिकरण गर्ने बताए । चैत्रको दोस्रो हप्ता लुम्विनी प्रदेशमा आयोजना हुने सम्मेलनमा प्रदेशभित्रका उद्यमीहरू, बैदेशिक रोजगारीबाट फर्केका युवा उद्यमीहरू, स्थानीय सरकार र प्रदेश सरकारका प्रमुखहरू, बैंक तथा बित्तिय संस्थाका प्रतिनिधि, निजि संघसंस्थाका प्रतिनिधिलगायत सरोकारवाहरू गरी ४०० जना प्रतिनिधिको सहभागीता रहने छ । लुम्विनी प्रदेश सरकार, बैंक तथा वित्तीय संस्था परिसंघ (सिविफिन) र नेपाल बिजनेस इन्स्च्युटको मुख्य पहलकदमी र बिभिन्न स्थानीय सरकार एवं उद्यमशीलता र व्यवसायिक क्षेत्रको प्रवर्द्धनमा क्रियाशिल निजि क्षेत्र, वित्तिय संघसस्थाहरूसहित दुई दर्जन भन्दा बढि साझेदार निकायहरूको अगुवाईमा यो सम्मेलन हुन लागेको हो ।




# नेप्से लगातार ओरालो यात्रामा

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकको ओरालो यात्राले बुधबार पनि निरन्तरता पाएको छ । यो सातामा कारोबारको लगातार चौंथो दिन नेप्से परिसूचक १० दशमलव २५ अंकले घटेर दुई हजार ८८ दशमलव ०४ को बिन्दुमा सीमित भएको छ ।

तीन सय ११ कम्पनीका एक करोड १० लाख ४९ हजार नौ सय ४९ कित्ता सेयर ९० हजार दुई सय १० पटक खरिदबिक्री हुँदा रू तीन अर्ब ८९ करोड ७० लाख २२ हजार पाँच सय ९८ बराबरको कारोबार भएका छन् । बैंकिङ समूह शून्य दशमलव ०९ र म्युचुअल फन्ड समूह शून्य दशमलव १४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै घट्नेमा भने जलविद्युत् समूह एक दशमलव २७ र लगानी समूह एक दशमलव ६५ प्रतिशतले घटेको छ ।

चन्द्रागिरी हिल्स लिमिटेड र मिड सोलु हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने तेह्रथुम पावर कम्पनी लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागको छ ।कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु २५ करोड १५ लाख ६८ हजार ६७ बराबरको कारोबार भएको छ । कारोबार भएका सेयर संख्याका आधारमा भने अरुण काबेली पावर लिमिटेडको पाँच लाख ७१ हजार आठ सय ७४ कित्ता सेयर किनबेच भएको छ ।

धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होइन ।
- यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले त्यागने प्रण गरौं ।
- यसले तपाईं र तपाईंको परिवारलाई असर पुऱ्याउँछ ।

त्यसैले,
धुम्रपान, मद्यपान नगरौं, स्वस्थ्य जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ